मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १४४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० चैत २८ गते बुधवार (Wednesday, 10 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सामान बरामद

**बिर्तामोड, चैत २७।** झापा र मोरङ जिल्लाका बिभिन्न स्थानहरुबाट भन्सार छली नेपाल भित्र्याउँदै गरेको सामान प्रहरीले बरामद गरेको छ।

सीमावर्ती क्षेत्रहरुमा जिल्ला प्रहरी कार्यालय तथा मातहतका कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले भन्सार छली भारतबाट नेपालतर्फ ल्याउँदै गरेका बिभिन्न प्रकारका तयारी कपडा, माछा, क्याटाई स्टिकर, किराना लगायत खाद्यान्नका सामानहरु गरी अन्दाजी ३ लाख १२ हजार बराबरको समान बरामद गरेको हो। बरामद भएका समानहरु आवश्यक कारवाहीको लागि सम्बन्धित भन्सार कार्यालयहरुमा बुझाइएको प्रहरीले जनाएको छ।

## आगलागीबाट १०२ जनाको मृत्यु

**काठमाडौं, चैत २७।** गत वैशाखदेखि यही चैतको तेस्रो सातासम्ममा आगलागीमा परी नेपालमा एक सय दुई जनाले ज्यान गुमाएका छन्।

देशका विभिन्न क्षेत्रमा यो अवधिमा तीन हजार सात सय ९५ भन्दा बढी आगलागीका घटना भएकामा ती घटनामा एक सय दुईजनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। आगलागीबाट सो अवधिमा चार हजार सात सय २५ परिवार प्रभावित भएका छन्। आगलागीबाट रु दुई अर्ब ३३ करोड बढीको क्षति भएको प्राधिकरणका प्रवक्ता गोमादेवी चेम्जोङले जानकारी दिनुभयो। उहाँले बीचमा पानी परेका कारण आगलागीका घटना घटे पनि पुनः फैलिन थालेकाले सचेत हुन अनुरोध गर्नुभएको छ।

यस वर्ष जाजरकोट भूकम्पबाहेक विपद्मा परेर मृत्यु हुने सबैभन्दा बढी आगलागीबाट रहेका छन्। सोही अवधिमा चट्याङबाट ४३ जनाको मृत्यु भएको छ। सर्पदंशबाट २०, हिमपहिरामा परेर १२, जनावरको आक्रमणबाट ४३, वन डढेलोबाट पाँच जनाको मृत्यु भएको प्राधिकरणको अभिलेखमा उल्लेख छ। वैशाखयताका विपद्जन्य घटनामा चार सय ७७ जनाको मृत्यु भइसकेको प्राधिकरणले जनाएको छ।

# शुरु भयो महाकुम्भ

**धरान, चैत २७।** सुनसरीको वराहक्षेत्र नगरपालिका-१ स्थित चतरामा मंगलवारदेखि महाकुम्भ मेला प्रारम्भ शुरु भएको छ।



मेलाको राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेको मेला आयोजक समितिका सहअध्यक्ष तथा बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीले बताए।

आगामी वैशाख २८ गतेसम्म सञ्चालन हुने मेलामा ३० लाख भक्तजन सहभागी हुने अनुमान गरेर सोही अनुरुप व्यवस्था मिलाइएको आयोजक समितिले जनाएको छ। मेलाको उद्घाटनका दिन दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको आयोजक समितिका सहअध्यक्ष कार्कीले बताए। उनले भने- सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी बलसमेत दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो। सिसीटिभीको सहायताले सहभागीहरूको सङ्ख्या गणना गरिने छ।

मेला व्यवस्थापनका लागि मूल समितिको मातहत रहने गरी २६ वटा समिति गठन भएका छन्। कुम्भमेला क्षेत्रमा चार सय ८० व्यापारिक स्टल राखिने भएको छ। त्यस्तै मेला क्षेत्रमा एक सय ९५ वटा अस्थायी शौचालय बनाउने काम भइरहेको छ।

**चालीस दिन मदिरा र माछामासु प्रतिबन्ध**

कुम्भमेलाका क्रममा ४० दिनसम्म मदिरा र माछामासु बिक्री वितरण गर्न रोक लगाइएको छ। मेला आयोजक समितिका सहअध्यक्ष कार्कीले सात्विक बराहक्षेत्रको सन्देश प्रवाह गर्ने उद्देश्यले मदिरा र माछामासु बिक्रीमा रोक लगाइएको बताए।

**सबै धर्मको अर्थ शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापनाः राष्ट्रपति**

राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिमा जो जसले गठबन्धन बनाए पनि मुलुकको विकास र सुशासन प्रवर्द्धनका लागि सबैको एउटै मूलमन्त्र र गठबन्धन हुनुपर्नेमा जोड दिएका छन्।

मंगलवारदेखि शुरु भएको १२ वर्षे कुम्भमेलाको उद्घाटन तथा उनको सम्मानमा गरिएको नागरिक अभिनन्दन ग्रहण गर्दै राष्ट्रपति पौडेलले निमुखा जनताको निर्बाध स्वतन्त्रता उपयोग गर्न पाउनु पर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको दर्शनलाई सबैले आत्मसात् गर्न आग्रह पनि गरे। जनता आफैँले बनाएको संविधानमा व्यवस्था भएका सबै अधिकारले निमुखा जनतालाई निर्बाध स्वतन्त्रता

(बाँकी अन्तिम पृष्ठमा)

## हल्दिवारीमा सासु भत्ता २० करोड ५५ लाख

**जलथल, चैत २७।** हल्दिवारी गाउँपालिकामा बार्षिक ४ हजार ८सय एक जनाले सामाजिक सुरक्षा भत्ता लिने गरेका छन्।

प्रमुख प्रशासकीय अधिकृत मानबहादुर बन ( महेन्द्र ) ले दिएको जानकारी अनुसार चालू आर्थिक बर्ष २०८०/०८१ को चैत २३ गतेसम्म सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या ४ हजार ८ सय १ पुगेको हो। नेपाल सरकारले प्रदान गर्ने ८ वटा क्लस्टरका २०४६ पुरुष र २७५५ महिलाले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन्।

हल्दिवारी-५ वटा वडाबाट पहिचान गरी पठाएका ज्येष्ठ नागरिक, दलित, एकल महिला, पूर्ण अपाङ्गता, अति अशक्त, दलित बालबालिका र लोपोन्मुख समुदायलाई नेपाल सरकारले तोके बमोजिमको सामाजिक सुरक्षा भत्ता पालिकाले प्रत्येक ३/३ महिनामा बैंकमार्फत उनीहरुकै खातामा पठाउने गरेको प्रमुख प्रशासकीय अधिकृत बनले जानकारी दिए।

पालिकाले उपलब्ध गराएको विवरण अनुसार ११६८ पुरुष र १२०५ महिला गरी २३७३ जना ज्येष्ठ नागरिकले मासिक ४ हजारका दरले भत्ता पाउने गरेका छन्। त्यस्तै ६० देखि ६८ उमेर समूहका ज्येष्ठ दलित महिला ७४ जनाले मासिक

(बाँकी अन्तिम पृष्ठमा)

## भन्सारबाट जाँचपास भएका ट्रक नियन्त्रणमा



जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय धुलाबारीको संयुक्त टोलीले विशेष सूचनाको आधारमा सोमबार राति धुलाबारी चोकबाट एचआर ६९ सी ४६५९ र पीबी २३ टी ३४६५ नम्बरको दुई वटा ट्रक नियन्त्रणमा लिएको थियो।

**झापा, चैत २७।** काँकरभिट्टास्थित मेची भन्सार कार्यालयबाट जाँचपास भएर निस्किएका दुई वटा भारतीय नम्बर प्लेट भएको ट्रक प्रहरीले नियन्त्रणमा लिएको छ।

नियन्त्रणमा लिएको ट्रक आवश्यक कारबाहीका लागि मंगलबार दिउँसो राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइसकेको जिल्ला प्रहरी कार्यालय झापाका एसपी मिलन केसीले जानकारी दिए।

ट्रकमा भारतीय सेनाबाट अवकाश भएका १० जना नेपालीहरूको सरसामान रहेका छन्। उनीहरू आफूले प्रयोग गरेका पुराना इलेक्ट्रोनिक्स सामानहरू लिएर घर फर्किंदै थिए। उनीहरू सबैको घर पश्चिम नेपाल हो। यात्रु शाखाबाट पुराना सरसामानको जाँचपास गराए बापत १० जनाको नाममा छुट्टाछुट्टै प्रज्ञापन पत्र बनाएर ६० हजार

(बाँकी अन्तिम पृष्ठमा)

## भारतमा सवारी दुर्घटनामा सात नेपालीको मृत्यु



**झापा, चैत २७।** सोमबार राति भारतको नैनीताल जिल्लाको बेतालघाटमा भएको सवारी दुर्घटनामा परी सात जना नेपालीसहित सवारी चालक भारतीय नागरिकको मृत्यु भएको छ।

बेतालघाट पुलिस थानाका सब-इन्सपेक्टर अनिश अन्सारीका अनुसार मृत्यु हुनेमा विश्राम चौधरी, धिरज चौधरी, अन्तराम चौधरी, विनोद चौधरी, तिलक चौधरी, उदयराम चौधरी र गोपाल बस्नेत रहेका छन्। मृतकको साथमा फेला परेको कागजातको आधारमा उनीहरु नेपालको साविक भेरी अञ्चल बबईका भएको बेतालघाट पुलिस थानाले जनाएको छ।

घटनास्थल वरपर नेपालीहरु सडक छेउमा पाइप

(बाँकी अन्तिम पृष्ठमा)

## झापाका पालिकामा न्यायिक अन्तरक्रिया




**दमक चैत २७।** झापा जिल्लाका पालिका उप प्रमुख/उपाध्यक्ष सञ्जालको संयोजनमा जिल्लाका सबै पालिकाहरुमा न्यायिक अन्तर्क्रिया कार्यक्रम शरु भएको छ।

जिल्लाका पन्ध्रवटै पालिकाका न्यायिक समिति र मेलमिलाप केन्द्रका पदाधिकारी तथा सदस्यहरुलाई न्याय सम्पादनमा सहजता होस् भन्ने उद्देश्यले झापा जिल्ला बार एसोशिएसनको सहकार्यमा अन्तर्क्रिया कार्यक्रम शुरु भएको हो।

झापाको भद्रपुर नगरपालिकाबाट कार्यक्रमको शुभारम्भ गरिएको थियो। भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्य रहेको थियो।

कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख पोखरेलले स्थानीय तहलाई जिम्मेवारी दिइएको न्यायिक निरुपण प्रक्रियालाई बिधिसम्मत रुपमा कार्यान्वयन गर्न कार्यक्रम फलदायी बन्ने बिश्वास ब्यक्त गरे। स्थानीय तहले न्यायिक निरुपण गर्दा आइपर्ने कानूनी जटिलताहरुका बिषयमा कार्यक्रममा छलफल हुने उनले बताए।

कार्यक्रममा उपप्रमुख/उपाध्यक्ष सञ्जालकी संयोजक तथा दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराईले समाजसेवाको क्षेत्रबाट आएका जन प्रतिनिधिहरुले न्यायिक निरुपण गर्दा आइपर्ने कानूनी कठिनाइलाई सहजीकरण गर्न कार्यक्रम गरिएको बताइन्। कार्यक्रम सम्पन्न गर्न सहयोग गरेकोमा झापा बारलाई उनले धन्यबाद दिइन्। झापा बारका अध्यक्ष नारायणप्रसाद भट्टराईले नागरिकलाई न्याय दिलाउँदा मुद्दाका दुबै पक्षलाई चित्त बुझ्ने गरी न्याय सम्पादन गर्नु पर्ने बताए।

त्यसैगरी कचनकवल गाउँपालिकामा पनि न्यायिक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। गाउँपालिका उपाध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

# क्यानडा र युरोप पठाउने नाममा ठगी बढ्दै

**बिर्तामोड, चैत २७।** नेपालीहरूलाई वैदेशिक रोजगारीका लागि क्यानडा तथा युरोपेली देशहरू पठाइदिने भन्दै ठगी गर्ने एवम् विभिन्न ठाउँमा पुर्‍याएर अलपत्र पार्ने क्रम बढ्न थालेको श्रम र सुरक्षा अधिकारीहरूले बताएका छन्।

उनीहरूका अनुसार नेपालीको श्रम गन्तव्य युरोपेली देशहरू तथा क्यानडा, अस्ट्रेलिया र न्यूजील्यान्डलगायत हुन थालेपछि ती देशमा पठाइदिने भन्दै ठगी गर्ने क्रम पनि बढेको हुनसक्छ।

**नयाँ श्रम गन्तव्य युरोपः अवसर र चुनौती**

नेपाल प्रहरीका अनुसन्धान अधिकारीहरू परम्परागत श्रम गन्तव्य मुलुकमा ठगी हुने क्रम जारी रहेको तर पछिल्ला वर्षमा युरोप र क्यानडामा समेत त्यस्तै समस्या देखापरिरहेको बताउँछन्।

वैदेशिक रोजगार मामिलाका जानकारहरू भने ठगी तथा मानव तस्करी नियन्त्रण गर्न सरकार असफल भएको आरोप लगाउँछन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरू भने त्यस्ता घटनाबारे आफूहरू जानकार रहेको र रोकथाम सरकारको मुख्य प्राथमिकता भएको दाबी गर्छन्।

**कैयौँ ठगीका घटना**

नेपाल प्रहरीले सार्वजनिक गर्ने विवरणहरूमा प्रायः दैनिक जस्तो नै वैदेशिक रोजगारीका नाममा ठगी भएका घटनासँग सम्बन्धित अभियुक्तहरू पक्राउ परेको जानकारी उल्लेख भएको पाइन्छ।

गत साता मात्र काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालयले क्यानडा, पोर्चुगललगायतका



देशमा रोजगारीका लागि ठगी गरेको आरोपमा चार जनालाई पक्राउ गरेको जनाएको थियो। त्यसमध्ये दुई जनाले टप च्वाइस एजुकेशन कन्सल्टेन्सी प्रालिबाट रोजगारीका लागि क्यानडासहित युरोपेली देशहरू पठाइदिने भन्दै कम्तीमा ५० जनालाई ठगी गरेको र भारतको राजधानी दिल्ली पुर्‍याएर अलपत्र पारेको प्रहरी अधिकृतहरूको भनाइ छ।

उक्त घटनाको अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार त्यो नामको एजुकेशन कन्सल्टेन्सी दर्ता भएको छैन भने उनीहरूले दलालमार्फत् दिल्ली पुर्‍याएर कैयौँलाई अलपत्र पारेको पाइएको छ। उक्त कार्यालयका अनुसार हाल २४ जना पीडितले मात्र उनीहरूविरुद्ध जाहेरी दिएका छन्। तर सबै पीडितहरूसँग उठाएको रकम कम्तीमा पाँच करोड रुपैयाँजति हुने देखिएको छ।

आरोप लागेका व्यक्तिहरूले क्यानडासहित युरोपेली देशहरू स्पेन, पोर्चुगल, क्रोएशिया, पोल्यान्ड, माल्टालगायतमा वैदेशिक रोजगारीका लागि पठाइदिने भन्दै ठगी गरेका थिए। उनीहरू जस्तै आरोप लागेका कैयौँ व्यक्तिलाई आफूले पक्राउ गरेको र वैदेशिक रोजगारसम्बन्धी ठगीमा कारबाही गर्नका लागि वैदेशिक रोजगार विभागमा पठाएको प्रहरीले जनाएको छ।

वैदेशिक रोजगार विभागका सूचना अधिकारी कविराज उप्रेतीका अनुसार गत साउनदेखि हालसम्म क्यानडा पठाइदिने भनेर ठगी गरेको भन्दै विभागमा एक सय १३ वटा उजुरी दर्ता भएका छन्। त्यस अवधिमा पीडितहरूले करिब २ करोड ६० लाख रुपैयाँ ठगी भएको उजुरीमा उल्लेख गरेका छन्। उनका अनुसार युरोपेली देशहरूमा पनि व्यक्तिगत श्रम स्वीकृतिमा पठाइदिने भन्दै ठगी भएको भन्ने खालका कैयौँ उजुरी विभागमा आउने गरेका छन्।

**खाडीको रोग युरोप र क्यानडातिर**

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयाल पछिल्ला समयमा नेपालीहरू युरोप तथा अमेरिका र क्यानडालगायतका देशमा जान खोज्दा मानव तस्करीमा पर्ने गरेको बताउँछन्।

उनले भने -पहिले मलेशिया र खाडीतिर यस्ता घटना बढी हुन्थे, अचेल पनि ती ठाउँमा जारी छन् अनि फैलिएर यो युरोपतिर र क्यानडा अनि अमेरिकातर्फ पनि पुगेको छ। यद्यपि उनले पहिले मानव बेचबिखन हुने गरेकोमा अहिले भने आफ्नै चाहनामा विदेश जान खोज्दा तस्करीका गतिविधि धेरै हुन थालेको बताए।

जसरी पनि विदेश जाऔँ भन्ने भावना विकास भएकाले गर्दा मानिसहरू युरोप वा क्यानडा भन्ने बित्तिकै तयार हुन्छन् अनि उनीहरू तस्करको शिकार बन्छन्,"- फुयालले भने। तस्करीबाटै गन्तव्यमा पुगे र त्यहाँ केही भएन भने कसैले

(बाँकी अन्तिम पृष्ठमा)

फ्ल्याट भाडामा

बिर्तामोड बाल्मीकि स्कूल नजिकै फ्ल्याट भाडामा छ।

सम्पर्क :- ९८४४६८५६०५, ९८२३७२६९७९



# विन्ध्यावासिनीमा गरुड महापुराण

**अर्जुनधारा, चैत २७।** झापाको अर्जुनधारा -४ भाङबारीस्थित विन्ध्यावासिनी सिंहदेवी मन्दिरमा सातौं धार्मिक अनुष्ठान अन्तर्गत मंगलबारदेखि गरुड महापुराण नवाह ज्ञान महायज्ञ शुरु भएको छ ।

रामनवमीको अवसरमा आयोजना गरिएको उक्त महापुराणको उद्देश्य मन्दिर क्षेत्रको विकाससँगै मन्दिर परिसरमा राधाकृष्ण मन्दिरको निर्माण, मन्दिर क्षेत्रलाई आवश्यक भूमिदानको निरन्तरता, मन्दिरमा स्थापना गरिएको अक्षयकोषको निरन्तरता लगायतका कार्यहरु सम्पन्न गर्नु रहेको बताइएको छ ।

मन्दिरको सभाहलमा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मनोज जोशीको अध्यक्षतामा आयोजित उक्त महापुराणको प्रमुख अतिथि अर्जुनधारा जलेश्वर धामका मूलअर्चक अग्निप्रसाद सिग्देलले उद्घाटन गरेका थिए ।

उद्घाटन कार्यक्रममा भद्रपुर निवासी मुरारी र नीता खरेलबाट प्राप्त एक लाख एक हजार एक सय ११ रुपैयाँ बराबरको चेकबाट गल्ला र स्थानीय तेजबहादुर खड्काबाट धान्याञ्चलको उद्घाटन भएको थियो ।



सोही कार्यक्रमको अवसरमा पतञ्जली योग समिति अर्जुनधाराको सहआयोजना र अर्जुनधारा -४ नं. वडा कार्यालयको व्यवस्थापनमा आगामी वैशाख ४ गतेसम्म योग शिविर सञ्चालन हुने समितिका सचिव एकदेव खनालले जानकारी दिए । विहान ४:३० देखि ६ बजेसम्म सञ्चालन हुने योगका प्रशिक्षकहरु पतञ्जली योग समिति झापाका अध्यक्ष देवी घिमिरे, अर्जुनधाराका अध्यक्ष दधिराम मिश्रलगायत रहेका छन् ।

कार्यक्रममा कलशयात्रामा सहभागी इलाम-झापा मैत्री समाज नौमती समूहलाई अध्यक्ष जोशीबाट पोशाकका लागि नगद पाँच हजार रुपैयाँ हस्तान्तरण गरिएको थियो ।

अध्यक्ष जोशीले मन्दिरको वर्तमान अवस्था र भावी योजनाबारे प्रकाश पारेको कार्यक्रममा वडाध्यक्ष अमरबहादुर कटुवाल, पतञ्जली योग समिति अर्जुनधाराका अध्यक्ष मिश्र, दनुवार जागरण समाज झापाका सदस्य यमन दनुवार, गौतम नगर समाज अर्जुनधाराका वरिष्ठ उपाध्यक्ष भागवत गौतम, सामाजिक व्यक्तित्व लक्ष्मी न्यौपाने लगायतले बोलेका थिए । वरिष्ठ उपाध्यक्ष प्रेम कार्कीले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव खनालले गरेका थिए ।आगामी वैशाख ५ गते रामनवमीका दिन सम्पन्न हुने महापुराणका प्रमुखवाचक बालकृष्ण अर्याल र उपवाचक कृष्ण चापागाँई रहेका छन् ।

# छोराको कुटपिटबाट बुबाको मृत्यु

**बिर्तामोड, चैत २७।** सङ्खुवासभाको पाँचखपन नगरपालिका- २ गैरीगाउँमा छोराको कुटपिटबाट बुबाको मृत्यु भएको छ ।

२८ वर्षीय छोरा सुमन राईको कुटपिटबाट ५० वर्षीय बुवा युवराज राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अशोक जबेगूले जानकारी दिए । घरायसी विवादमा छोरा सुमनले बुवालाई कुटपिट गरेका थिए । कुटपिटबाट गम्भीर घाइते ५० वर्षीय युवराजको उपचारका क्रममा जिल्ला अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । कुटपिटमा संलग्न राईलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# लैङ्गिक हिंसाविरुद्ध प्रशिक्षण

**बिर्तामोड, चैत २७।** महिला मुक्ति अभियान झापा तथा बिर्तामोड नगरपालिकाको संयुक्त आयोजनामा लैङ्गिक हिंसाविरुद्ध प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

बिर्तामोड नगरपालिका-१ मा आयोजना गरिएको कार्यक्रममा विभिन्न संघ-संस्था, टोलका महिला तथा ज्येष्ठ महिलाहरुलाई लैङ्गिक हिंसा विरुद्धको प्रशिक्षण प्रदान गरिएको हो । महिला मुक्ति अभियान झापाकी अध्यक्ष राधा सुब्बाको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा छठ महिला सेवा समिति अध्यक्ष निशा गुप्ता, नारी सञ्चार गृहकी कोषाध्यक्ष स्वस्तिका आचार्य, वीरता लेडी जेसीजकी अध्यक्ष मिनु ओली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक प्रकाश विष्टले लैङ्गिक हिंसाको अवस्था तथा कानूनका विषयमा प्रकाश पारेका थिए ।

कार्यक्रममा सहभागीका तर्फबाट टीका चौहान र झुमा चुडालले यस्ता प्रशिक्षणले महिलामाथि हुने हिंसा तथा कानूनी विषयमा जानकारी प्राप्त भएको बताए । उनीले यस्ता कार्यक्रमले महिला सशक्तिकरणमा समेत सहयोग मिल्ने बताए । महिला मुक्ति अभियानले महिलाको क्षेत्रमा धेरै काम गर्दै आएको भन्दै उपप्रमुख संग्रौलाले मानव अधिकार तथा महिलााका क्षेत्रमा राम्रो काम गरेको उल्लेख गरे । उनले न्यायका क्षेत्रमा महिला मुक्ति अभियानले सशक्त रुपमा आवाज उठाउने गरेको भन्दै लैङ्गिक हिंसा विरुद्धको सचेतनामूलक कार्यक्रम गरेको भन्दै खुशी ब्यक्त गरे ।



संस्थाकी कोषाध्यक्ष भगवती खरेलले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा सहसचिव अनिता पुरीले स्वागत गरेकी थिइन् । दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा ५० जनाभन्दा धेरै महिलाहरुको सहभागिता रहेको थियो । महिला मुक्ति अभियान झापाले लैङ्गिक हिंसा विरुद्ध विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै आएको र यसलाई जिल्लाभर विभिन्न कार्यक्रमहरु गर्दै हिंसा विरुद्धका अभियान सञ्चालन गर्ने अध्यक्ष सुब्बाको भनाइ छ ।

कार्यक्रमको सञ्चालन पूर्वसचिव विनिता तामाङले गरेकी थिइन् । कार्यक्रमको सहजीकरण लता खरेलले गरेकी थिइन् ।

## हल्दिवारीमा...

२३६० पाउने गरेको उपलब्ध विवरणमा जनाइएको छ ।

त्यसैगरी २६३ एकल महिला र ४४८ विधवा महिलालाई मासिक २६६० का दरले भत्ता उपलब्ध गराउँदै आएको छ भने ९३ जना पूर्ण अपाङ्गता भएका ५३ पुरुष र ४० महिलाले मासिक ३९९० का दरले भत्ता प्राप्त गरिरहेका छन् ।

त्यस्तै अति अशक्त अपाङ्गता भएका ९० पुरुष र ६३ महिलाले मासिक २१२८, दलित बालबालिका ५१ पुरुष र ४३ महिलाले मासिक ५३२ र लोपोन्मुख जातिका ६५४ पुरुष र ६६० महिलाले मासिक ३९९० रुपैयाँका दरले सामाजिक सुरक्षा भत्ता लिने गरेको गाउँपालिकाले जनाएको छ ।

## महाकुम्भ...

उपयोग गर्ने विषयलाई नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अन्तर्य मानेको छ- उनले भने- यो दर्शनलाई आत्मसात् गर्दै राजनीतिमा जो-जो जताजता भए पनि दिगो विकास, सुशासन र मुलुकको समृद्धिका लागि सबैको एउटै मूलमन्त्र र एउटै गठबन्धन हुन आवश्यक छ। उनले कुम्भ प्रारम्भ भएको आजको यो पवित्र दिनले गणतन्त्रले बोकेको दर्शनलाई सार्थक रूप दिन हामी सबैलाई सत्प्रेरणा मिलोस् भन्ने कामना गरे ।

राष्ट्रपति पौडेलले धर्मको अर्थ विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापना गर्नु भएको र बुद्ध, ईशा र हजरत मोहमदले पनि यही भनेको उल्लेख गर्दै वैदिक मन्त्र द्रष्टाहरूले हजार वर्ष पहिले नै अहिलेको विश्वको कोलाहल र जलवायु परिवर्तनको समस्याको त्यतिबेलै समाधानबारे उल्लेख गरेको बताए ।

धर्मको अर्थ विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापना गर्नु हो । बुद्ध, ईशा र हजरत मोहमदले यही भनेका हुन् । आर्य वैदिक सनातनीहरूले हजारौं वर्ष पहिलेदेखि भन्दै आएको कुरा हो यो । वेदमा भनिएको छ, 'ॐ द्यौ शान्तिरन्तरिक्षः शान्तिः रापशान्तिः...इत्यादि', राष्ट्रपति पौडेलले भने -त्यो बेला आजको जस्तो जलवायु परिवर्तन भएको थिएन । शायद हाम्रो वरपरको वातावरण प्रदूषित भइसकेको थिएन । तैपनि वैदिक मन्त्र द्रष्टाहरूले हावा, पानी, माटो र वायुमण्डल एवम् वनवृक्षहरू समेतको शान्तिको कामना गरे । त्यतिमात्र हैन विश्वदेवा शान्ति, ब्रह्म शान्तिसम्मको आराधना गरे । त्यसैले अबको युग वैदिक संस्कृतिको पुनरुत्थानको युग मान्दा र त्यो अनुसारको चिन्तन र आचरणमा चल्न सक्ने हो भने आजको जलवायु परिवर्तन र अन्तर्राष्ट्रिय कलहको समेत समाधान भेटिनेछ भन्ने मलाई लाग्छ । उनले त्यतिमात्र नभएर पूर्वीय दर्शनले अभिप्रेरित गरेको सबै जात, जाति, धर्म, सम्प्रदाय, भाषाभाषीबीचको समभाव र एकता नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पनि मूल लक्ष्य भएको पनि स्पष्ट पारे ।

उनले ऋषिमहर्षिहरूको तपोभूमि, देवदेवीहरूको क्रिडास्थली, एक पवित्र तीर्थस्थल बराहक्षेत्रको वक्षस्थलमा रहेको प्राचीन हरिद्वार चतराधामको पवित्र कुम्भ नगरीमा सहभागी हुन पाउँदा सुखानुभूति भएको उल्लेख गर्दै चतराधाम नेपालका चार धाममध्येको एक धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मात्र होइन विश्वकै चार पवित्र क्षेत्रमध्येको एक मानिएको पनि बताए ।

राष्ट्रपति पौडेलले नेपाल भौगोलिक, आध्यात्मिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले उच्चतम स्थान भएको र हिमालयको काखमा अवस्थित सुन्दर र शान्त नेपालमा कैयौं महिमामय प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थल तथा प्रकृतिको वरदानका रुपमा प्रशस्त नदीनाला, हिमशृङ्खला, तालकुण्ड, आश्रम वा तपोभूमिहरू रहेको उल्लेख गर्दै परापूर्वकालदेखि नै हिमशृङ्खलाबाट उद्गम भएर बग्ने पवित्र नदीहरूको प्रवाह, महान् व्यक्तित्वहरूको जन्म, तपसाधना र उहाँहरूबाट मानवजातिको सर्वोत्तम हितका लागि व्यक्त विचारका कारण यसको आफ्नै महत्व र महिमा रहँदै आएको पनि बताए ।

राष्ट्रपति पौडेलले आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन, विभिन्न जातजाति, धर्म, लिङ्ग र सम्प्रदायका व्यक्तिलाई एकै सूत्रमा बाँध्न सक्ने, राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमिकताको संरक्षण, संवर्द्धन गर्न सकिने उद्देश्य राखेर आयोजना गरिएको कुम्भ मेला नेपालकै गौरव भएको बताउँदै गौरवपूर्ण यो अवसरलाई सदुपयोग गर्दै धार्मिक पर्यटकीय गन्तव्यको विकास गर्ने कार्यमा योगदान पुग्ने विश्वास व्यक्त गरे ।

उनले विभिन्न देशका भक्तजनरू एकै ठाउँमा भेला भई विद्वत् सम्मेलन गर्ने, कुम्भ मेलाकै अवसरमा सामूहिक व्रतबन्ध गर्ने, साहित्यिक गतिविधिहरू सञ्चालन गरिनुले सामाजिक जागरणमा समेत सकारात्मक भूमिका खेल्ने अपेक्षा पनि व्यक्त गरे ।

राष्ट्रपति पौडेलले स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक, सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्यलाई साकार रुप दिन आवश्यक भएको पनि बताए ।

यस क्षेत्रको संरक्षण र संवर्द्धन तथा समग्र विकासका लागि विस्तृत अध्ययन गरी गुरुयोजना तयार गर्ने र अल्प, मध्य तथा दीर्घकालीन रुपमा गरिनेसहित पूर्वाधार निर्माणका काम गर्नुपर्ने आवश्यकता मैलै देखेको छु- उनले भने -तीनै तहका सरकारले आफ्नो बजेट, नीति तथा कार्यक्रमभित्र समावेश गरी यस्ता धार्मिक तथा ऐतिहासिक क्षेत्रलाई आकर्षक पर्यटकीय क्षेत्रका रुपमा विकास गरी मुलुकको समृद्धिमा योगदान पुऱ्याउन सकिने पनि मैले ठानेको छु ।

उनले स्कन्दपुराणको हिमाद्रि खण्डको अध्ययनपश्चात् अमृतका थोपा मात्र झरेका ठाउँमा मित्रराष्ट्र भारतका चार स्थानहरू प्रयाग, नासिक, उज्जैन र हरिद्वारमा कुम्भमेला लागिरहेको सन्दर्भमा नेपालमा अमृतको तर बटारेर पिण्ड नै राखेको ठाउँमा कुम्भमेला लगाउनु झन् युक्तिसङ्गत हुन्छ भन्ने शास्त्रार्थ गरेर शङ्कराचार्य, जगद्‌गुरु, धर्माचार्य एवम् विशिष्ट सन्त, महन्तसमेतलाई सहभागी गराई नेपालको कुम्भलाई विश्वकै कुम्भका रुपमा स्थापित गराउन गर्नु भएको प्रयासका लागि जगत्गुरुको प्रशंसा पनि गरे ।

यसैबीच, राष्ट्रपतिले श्रीराधा सर्वेश्वर मन्दिरमा दर्शन तथा पूजा, अर्चना गरे भने त्यहाँ निर्माण गरिएको आचार्य केशवशरण स्मृति भवनको समुद्घाटन पनि गरेका थिए ।

महाकुम्भ मेलाको सफलताको शुभकामना व्यक्त गर्दै कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले कुम्भमेलाले बराहक्षेत्रको आर्थिक समृद्धिका लागि पनि महत्वपूर्ण भूमिका खेलेको बताए । उनले सरकारले यस्ता धार्मिक मेलाहरुलाई सामान्य पूजाआजाका रुपमा मात्र नलिई यसले देशकै पर्यटन तथा आर्थिक गतिविधि चलायमान बनाउने अवसरका रुपमा लिएर सहयोग गरेको बताए । उनले भने -सरकार सबै संस्कृति, भाषा, धर्मको संरक्षक हो । त्यसैले भौतिक विकास मात्र होइन मानवीय विकासमा पनि कोशी प्रदेश सरकारले विभिन्न क्षेत्रका धार्मिक क्षेत्रको विकासमा सहयोग गरिरहेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङलगायतले महाकुम्भको सफलताका लागि शुभकामना व्यक्त गरे । कुम्भमेलाका संस्थापक तथा नेपालका प्रथम जगद्‌गुरु बालसन्त मोहनशरण देवाचार्यले शास्त्रहरुमा चतरामा कुम्भमेला लगाउने प्रशस्त आधार भेटिएकाले यहाँ कुम्भमेला लगाउन शुरु गरिएको बताए । उनले कुम्भमेलामा सहभागी बन्न सबै नेपालीमा आह्वान गरे ।

विसं २०८१ वैशाख २८ गतेसम्म सञ्चालन हुने महाकुम्भ मेलामा देश विदेशबाट करिब ३० लाख दर्शनार्थी सहभागी हुने आयोजकको अनुमान छ । विगतमा भारतका विभिन्न स्थानमा मात्र कुम्भमेला लाग्ने गरेकोमा २०५९ सालबाट सुनसरीको चतरामा पनि कुम्भमेला लाग्न थालेको हो । चतरामा हरेक ६ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्ण कुम्भमेला लाग्ने गरेको छ ।

**हनुमान कथा वाचन**

महाकुम्भकै अवसरमा चतरास्थित रामानन्दाचार्य सेवा पीठले पनि आजबाट नवरात्र अनुष्ठान शुरु गरेको छ । अनुष्ठानअन्तर्गत रामचरित मानस नवपाठ परायण, वाल्मीकि रामायणपाठ, दुर्गासप्तसती चण्डीपाठ, राम पञ्चाङ्ग, चन्द्रकला सखीबाट राम कथा वाचनलगायत कार्यक्रम सुरु गरेको छ । पीठले वैशाख १ देखि सङ्कटमोचन श्रीहनुमद महायज्ञ गर्ने र वैशाख ५ मा पीठको निमन्त्रणमा भारतको बागेश्वर धामका कथावाचक धीरेन्द्र शास्त्री ( बागेश्वर सरकार) सहभागी हुने कार्यक्रम छ । शास्त्रीले चतरामा वैशाख ९ गतेसम्म हनुमान कथा वाचन गर्ने आयोजकले जनाएको छ ।

## झापाका ...

नवराज भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसादसिंह राजबंशी, उप प्रमुख/उपाध्यक्ष सञ्जाल संयोजक भट्टराईले बोलेका थिए ।

सोही कार्यक्रम मेचीनगर नगरपालिकाको सभाहलमा पनि सम्पन्न भएको छ । मेचीनगर नगरप्रमुख गोपालचन्द्र बुढाथोकीको प्रमुख आतिथ्य र उप्रमुख मीना पोखरेल उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन सत्रमा प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, सञ्जालकी संयोजक भट्टराईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

अन्तरक्रियामा नगरका १५ वटै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्यहरू, नगरका विभिन्न शाखाका शाखा प्रमुख, वडा स्तरीय मेलमिलाप समितिका मेलमिलाप कर्ताहरूको सहभागिता थियो ।

त्यस्तै बुद्धशान्ति गाउँपालिकामा पनि कार्यक्रम सम्पन्न गरिएको छ । गाउँपालिका उपाध्यक्ष भवानीप्रसाद खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा सञ्जाल संयोजक भट्टराईले शुभकामना मन्तव्य राखेका थिए । बुद्धशान्ति गाउँपालिकामा पनि न्यायिक समिति, मेलमिलाप समितिका पदाधिकारी तथा सदस्य साथै वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

जिल्लाका पन्ध्रवटै पालिकामा सञ्चालन गरिने कार्यक्रम पहिलो चरणमा चारवटा पालिकामा सम्पन्न भएको उपप्रमुख/उपाध्यक्ष सञ्जाल संयोजक दमक भट्टराईले बताइन् । बाँकी पालिकामा आगामी बैशाख महिनामा कार्यक्रम सञ्चालन गरिने समेत उनले जानकारी दिइन् ।

## भन्सारबाट...

राजश्व बुझाएको प्रज्ञापन पत्रहरू रहेको बताइएको छ ।

तर, ट्रकभित्र पुराना इलेक्ट्रोनिक्स सामानसहित केही नयाँ सामानहरू रहेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धुलाबारीको टोलीले दुवै ट्रक अनुसन्धानका लागि राजश्व पठाएको एसपी केसीले बताए ।

राजश्वका कर्मचारीले ट्रकभित्र रहेका सरसामानहरू खोलेर छानबिन गरेपछि मात्र कति सामान बढी ल्याएको भनेर खुल्ने उनको भनाइ छ । दुवै ट्रकमा रहेको सामान भन्सार कर्मचारीले सोमबार साँझ ७ बजेर ३५ मिनेटमा राजश्व तिराएको प्रज्ञापन पत्रमा उल्लेख छ ।१० जनाको प्रज्ञापन पत्र भए पनि तीन जना मात्र भन्सारमा उपस्थित थिए । त्यसमध्ये एक जनाले तीन तिहाइ सामानमध्ये एक तिहाइ सामान नयाँ रहेको प्रहरी समक्ष बयान दिएका छन् । भन्सार जाँचकीमा खटिएका कर्मचारीले आर्थिक चलखेल गरी नयाँ सामानलाई पुरानो भनेर प्रज्ञापन पत्र कटाएर पठाएको स्रोतको दाबी छ ।

## भारतमा...

बिछ्याउने काम गर्दथे । उनीहरु गाडी भाडामा लिएर टनकपुर आउने तयारीमा सामान लोड गर्दागर्दै सवारी सडकदेखि तल झरेको अन्सारीले बताए ।

काम गर्ने ठाउँ नजिकै दुर्घटना हुँदा सात नेपालीसहित स्थानीय चालकले ज्यान गुमाए- उनले भने - उनीहरुको शव नैनीताल सरकारी अस्पतालमा राखिएको छ । दुर्घटनामा परी धीरज चौधरीको श्रीमती शान्ति चौधरी र जनक चौधरी घाइते भएको उनले जानकारी दिए ।

गाडी सडकबाट करिब डेढ सय मिटर तल खसेको थियो । उद्धारमा राति प्रहरीलगायत स्टेट डिजास्टर रेस्पोन्स टिमसमेत खटिएको सब-इन्सपेक्टर अन्सारीले बताए ।

यता मोरङ र सुनसरी जिल्लाको छुट्टाछुट्टै स्थानहरुमा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । मोरङको सुन्दरहरैंचा नगरपालिका- ८ सलकपुर चौकस्थित पूर्वपश्चिम महेन्द्र राजमार्गमा प्रदेश १-०२-००१ ख ९५१९ नम्बरको बसले बाटो काट्दै गरेका साइकल यात्रीलाई ठक्कर दिँदा घाइते भएका ७९ बर्षीय डम्बरुप्रसाद निरौलालाई उपचारको लागि नोबेल अस्पताल बिराटनगर लागिएकोमा उनको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बिराटचौकले जनाएको छ ।

त्यस्तै सुनसरीको रामधुनी नगरपालिका- ६ स्थित भित्री सडक खण्डमा प्रदेश १-०२-०४६ प ९०४४ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका मोटरसाइकलचालक रामधुनी- ५ झुम्का बस्ने २२ बर्षीय दीपेश चौधरीको उपचारको क्रममा नोबेल अस्पताल बिराटनगरमा मृत्यु भएको हो । मोटरसाइकलमा पछाडि सवार १९ बर्षीय श्रीजल चौधरीको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घटनामा संलग्न ठक्कर दिने बस र बस चालक सुनसरी धरान- २० का ३६ बर्षीय बलबहादुर लिम्बूलाई प्रहरीले नियन्त्रणमा लिएको र घटना सम्बन्धमा थप अनुसन्धान तथा कानूनी कारवाही भइरहेको बताइएको छ ।

## क्यानडा...

खबर गर्दैनन् तर पीडित भए वा बन्धक बने भने मात्र खबर गर्ने हुन्। उक्त ब्यूरोले मानवबेचबिखन तथा ओसारपसारका पीडितहरूको मात्र मामिला हेर्ने गर्छ।

वैदेशिक रोजगारीका नाममा ठगी भएकाहरूको मुद्दा भने वैदेशिक रोजगार विभागले हेर्ने गर्छ । उसले पक्राउ गरिदिनू भनेका व्यक्तिलाई प्रहरीले प्रक्राउ गर्छ। विभागका सूचना अधिकारी उप्रेती पनि पछिल्ला वर्षहरूमा युरोपेली देशहरू तथा क्यानडामा ठगी भएको भन्ने उजुरी बढिरहेको बताउँछन् । उनी भन्छन् -त्यस्ता देशहरूमा संस्थागत रूपमा कामदार पठाउने भन्दा पनि बढी व्यक्तिगत रूपमा पठाउने भन्दै ठगी गरेको पाइएको छ ।

**सरकारी नीतिकै कारण ठगी**

वैदेशिक रोजगार व्यवसायी भने सरकारी नीतिकै कारण युरोपेली तथा क्यानडा जस्ता देशहरूमा कामदार भिसामा पठाइदिने भन्दै ठगी हुने क्रम बढेको आरोप लगाउँछन् । नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष राजेन्द्र भण्डारी अहिले विशेष गरी युरोपबाट ठूलो सङ्ख्यामा कामदारको माग भएको तर संस्थागत रूपमा पठाउन सरकारी नीति अस्पष्ट रहेको बताउँछन् ।

अहिले हामीले पहल गर्दा पनि दूतावासहरूले मागपत्र प्रमाणीकरण गर्दैनन् अनि दूतावास नभएका देशको पनि यहाँ गर्ने कार्यविधि छैन -उनले भने। त्यसले गर्दा कन्सल्टेन्सीको नाममा र व्यक्तिगत रूपमा ठगी बढेको हो। सरकारले नीति बनाएर हामीलाई संस्थागत रूपमा पठाउन बाटो खोल्नुपर्छ त्यसले यस्ता गतिविधि न्यूनीकरण गर्छ। उनले संस्थागत रूपमा पठाउने व्यवस्था मिलाएमा व्यवसायीहरूलाई अनुगमन र कारबाही गर्न पनि सजिलो हुने दाबी गरे ।

युरोप तथा क्यानडा लगायतका पछिल्ला वर्षहरूमा कैयौं नेपालीका श्रम गन्तव्य भएका अधिकांश मुलुकसँग नेपालको श्रम सम्झौता छैन । त्यसले गर्दा पनि ठगीलाई बल पुगेको कतिपय जानकारहरूको भनाइ छ ।

**जाने पनि सचेत हुनुपर्छ**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहप्रवक्ता दीपक ढकाल चाहिँ आफूहरू पछिल्ला ठगीका घटनाबारे सचेत रहेको दाबी गर्छन् । उनले भने - हामी यस्ता घटना हुनुहुँदैन भनेर सचेत छौं र जनचेतनाका लागि हामीले व्यापक रूपमा काम गरिरहेका छौं । यसमा सबैभन्दा ठूलो कुरा भनेको विदेश जान चाहने व्यक्ति सचेत भयो भने मात्र हुन्छ । मन्त्रालयको प्राथमिकता नै वैदेशिक रोजगारीका नामा ठगी नहोस् भन्नेमा छ त्यसमा हामीले विशेष ध्यान दिएर काम गरिरहेका छौ । उनी नेपालबाट कुनै पनि देशमा रोजगारीका लागि जान तीनवटा माध्यम मात्र भएको बताउँछन्। त्यसबारे विदेश जान चाहनेले थाहा पाउनुपर्नेमा जोड दिन्छन् ।

वैदेशिक रोजगारीमा जानका निम्ति सरकार-सरकारबीच भएको सम्झौता अन्तर्गत सरकारी निकायले नै प्रक्रिया पुऱ्याएर नागरिकहरूलाई गन्तव्य मुलुक पठाउने व्यवस्था मिलाउँछ। उदाहरणका लागि त्यस्तो व्यवस्था अन्तर्गत ईपीएससमार्फत् नेपालीहरू दक्षिण कोरिया गइरहेका छन् ।

यी तीन माध्यमबाहेक अन्य कुनै पनि माध्यमबाट रोजगारीका लागि पठाउन मिल्ने बाटो छैन । त्यसैले कसैले शैक्षिक परामर्श वा अन्य कम्पनीबाट कामदार भिसामा पठाउँछ भन्छ भने त्यो त सरासर ठगी हो भन्ने बुझ्नुपर्छ, - ढकाल भन्छन् । उनी व्यक्तिगत रूपमा कसैले रोजगारीका लागि पठाइ दिन्छु भनेकै भरमा त्यसको आधिकारिकता पुष्टि नगरी रकम नदिन र लोभ लालचमा नपर्न पनि आग्रह गर्छन् ।

**युरोप र क्यानडा जानेको संख्या बढ्यो**

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिएर युरोपका प्रमुख ६ वटा देशहरूमा रोजगारीका लागि जाने नेपालीहरूको सङ्ख्या एक वर्षमै करिब दोब्बर भएको तथ्याङ्क छ ।

पछिल्ला वर्षहरूमा रुमानिया, क्रोएशिया, साइप्रस, यूके, पोल्यान्ड र माल्टा सहितका देशहरूमा नेपाली कामदारहरू जाने क्रम उच्च भएको सरकारी विवरणले देखाउँछ ।

आर्थिक वर्ष २०७८/०७९ मा यी देशहरूमा जाने कामदारहरूको सङ्ख्या २० हजार रहेकोमा आर्थिक वर्ष २०७९/०८० बढेर ३७ हजार पुगेको छ । त्यस्तै गत आर्थिक वर्षमा नेपालबाट ६४६ जनाले श्रम स्वीकृति वा पुनः श्रम स्वीकृति लिएर क्यानडा गएको देखिन्छ ।

**हावाहुरीबाट जोगिने उपायहरू**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।*

नेपाल सरकार विज्ञापन बोर्ड

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# संघीयता कमजोर भएकै हो ?

**संघीयता कार्यान्वयनको दोस्रो कार्यकाल आइपुग्दा कोशी प्रदेशको राजनीतिक अस्थिरता अहिले फेरि विवाद र चर्चाको उत्कर्षमा छ । यो अस्थिरताले संघीयताको आलोचना मात्र भइरहेको छैन यसले सुशासन, समृद्धि र विकासमा समेत बाधा पुऱ्याइरहेको छ । कोशी प्रदेशमा पटक–पटक उत्पन्न भइरहेको विवाद, सत्ता प्राप्तिको लुछाचुँडी र अनैतिक प्रतिष्पर्धाले संघीयतालाई नै विद्रुप बनाएको छ । गत वर्षको मंसीरमा सम्पन्न निर्वाचनपछि सबैभन्दा ठूलो दल एमालेका हिक्मत कार्की नेतृत्वमा प्रदेश सरकार बनिएको थियो । तर, संघको सत्ता समीकरण बदलिएसँगै सरकार परिवर्तन गर्ने र नयाँ समीकरणमा सरकार बनाउने अस्वस्थ प्रतिष्पर्धा शुरु भयो ।**


**कोशी प्रदेशको त्यही प्रतिष्पर्धाले पटक–पटक सरकार परिवर्तन भए । कहीँ नभएको जात्रा भयो कोशी प्रदेशमा, जहाँ सभामुख आफैं मुख्यमन्त्रीको लागि हस्ताक्षर गर्न पुगे । नेपाली कांग्रेसका उद्धव थापाको नेतृत्वमा बनिएको सरकारलाई सर्वोच्च अदालतले असवैधानिक ठहर गऱ्यो । एक वर्ष नपुग्दै सरकार ढल्यो, नयाँ प्रक्रियाबाट फेरि सरकार बनियो । यसरी शुरुवात भएको अस्थिरताको चक्र निरन्तर चलिरहँदा अहिले मुख्यमन्त्री केदार कार्की फेरि संकटमा परेका छन् । केन्द्रमा भएको समीकरणको फेरबदलले कोशी प्रदेशलाई फेरि पनि संकटतर्फ लगेको हो । यहाँका उनन्चालीस सांसदले कार्कीलाई दिएको समर्थन फिर्ता लिएको एमाले प्रदेशसभा सचेतक रेवतीरमण भण्डारीले बताएका छन् ।**

**बहुमत सदस्यहरुले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कार्की स्वतः अल्पमतमा परेका छन् । कार्की नेतृत्वमा रहेका तीन जना मन्त्रीले समेत पदबाट राजीनामा दिएका कारण कोशीको संकट झनै गहिरिएको हो । प्रदेशमा विकास भइरहेको यस्तो विकृति, विसंगति, चलखेल र गैरराजनीतिक संस्कारले संघीयताको विपक्षमा रहेकाहरुलाई बल पुऱ्याइरहेको छ । संघीयता शुरु भएको छ वर्षमा छ पटक मुख्यमन्त्री परिवर्तन भएको सन्दर्भले पनि देशलाई कमजोर र अस्थिर बनाउँदै लगेको विश्लेषकहरुले टिप्पणी गर्दैछन् । यस्तो अवस्थाले संघीयता माथि प्रश्न खडा गर्ने र आन्दोलन गरिरहेका दल, समूह र पहिचानवादीहरुलाई नै सहयोग पुऱ्याइरहेको छ । मूलधारका भनिएका दलहरुबाटै भएका यस्ता अनैतिक तथा सत्ता केन्द्रीत गतिविधिले न देशले निकास पाउँछ न त जनताको सपनाले आकार लिन सक्छ । त्यसैले ठूला भनिने दलहरुले नै यसलाई गम्भीरतापूर्वक लिनु पर्छ ।**

### सामाजिक सञ्जाल

पीडा पनि गजब कै हुँदो रहेछ । कसैलाई भन्न पनि नमिल्ने । मनमा गुम्सिइ रहने । आँशुले पखाल्न पनि नसकिने । अद्भूत । मानिसले बेहोर्नैपर्ने ! के पीडा आतंक हो ?

**– किशोर नेपाल**






दोष मात्र देख्नु पनि एउटा रोग हो कि क्या हो ? समाधानको उपाय निकाल्न जिम्मेवारिको महशुस हुनु पर्छ जस्तो लाग्छ ।

**– रेखा थापा**

मौनतामा नै अक्सर हामी धेरै कुरा सुन्छौं । जति उमेर बड्दै जान्छ, सायद मान्छे पनि कम बोल्दै जान्छ । किनभने त्यो मौनतामा नै हाम्ले हाम्रा प्रश्नका उत्तरहरु लगभग पाइसकेका हुन्छौं ।

**– राजबल्लभ कोइराला**



# हरित रोजगारीको सम्भावना



**नवराज पोखरेल**

चालू आर्थिक वर्ष २०८०/०८१ को आठ महिनामा नयाँ तथा पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या चार लाख ७१ हजार दुई सय १० पुगेको छ । नेपालबाट हरेक दिन औसत दुई हजार नेपाली काम खोज्दै बिदेशिने गरेका छन् । फागुनमा काम खोज्दै बिदेशिने मध्ये छ हजार सात सय ६८ त महिला नै छन् । नेपालमा निराशा छाउनुको पहिलो कारण रित्तिँदै गएको ग्रामीण र शहरी बस्ती हो । हरेक ग्रामीण र सहरी इलाकाका परिवारको नयाँ पुस्ता केवल विदेशको सपनामा समय बिताइरहेको हुन्छ । अनि जब उत्पादनशील र क्रियाशील उमेर आउँछ, यो पुस्ता विदेश गइसकेको हुन्छ ।

यो परिस्थितिले जनसंख्याको घट्दो अवस्थालाई त देखाउँछ नै, सँगसँगै देश विकासका सम्भावनालाई पनि क्षीण बनाउँदै लागेको छ । यसमा शैक्षिक गुणस्तर त एउटा कारण होला अन्य विषयले पनि यो अवस्था आएको छ । विदेश जानुको पहिलो कारण रोजगारी नै हो । दोस्रो हो- शिक्षा । तथ्याङ्कले यही देखाउँछ । तथापि सहज जीवन चाहिँ मुख्य कारण हो । आफ्नो जीवन सहज बनाउन हरेक युवाले विदेशको सपना देखिरहेको हुन्छ । जे-जस्तो भए पनि रोजगारी नै स्वदेश रित्तिनुको मूल कारण हो भनेर ठम्याउन सकिन्छ । स्वदेशमा उपलब्ध सुख, सुविधा अनि प्रणालीले नयाँ पुस्ताको आशा र लक्ष्यलाई थेग्न सकिरहेको छैन । त्यसैले उनीहरू विदेश गइरहेका छन् । यसलाई रोक्ने विविध उपायमध्ये हरित रोजगारी पनि एक हो । यसले देशभित्र आशाको सञ्चार गर्न सक्छ ।

वातावरणलाई फाइदा हुने वा प्राकृतिक स्रोतको संरक्षण गर्ने वस्तु वा सेवाहरू उत्पादन गर्ने व्यवसाय वा काम नै हरित रोजगारी हो । अर्थात् उत्पादन प्रक्रियालाई वातावरणमैत्री बनाउने वा कम प्राकृतिक स्रोत प्रयोग गर्ने काम नै हरित रोजगारी हुन् । हरित रोजगारी नेपाली वातावरणको आवश्यकता अनुरूपको नयाँ अवधारणा हो । प्राकृतिक स्रोत उपलब्ध भएका तर त्यसको समुचित उपयोग हुन नसकेको नेपाल जस्तो देशलाई रोजगारी प्रवर्द्धन मात्रै होइन, विकासको अवसर पनि हरित रोजगारीको अवधारणाले पूरा गर्दछ । दिगो विकासको आधार तय गर्न पनि प्राकृतिक स्रोतलाई पहिचान गरी तिनीहरूको उपयोगिताको खाका कोर्नु पर्दछ ।

हरित रोजगारीले उद्यम र आर्थिक क्षेत्रको वातावरणीय प्रभावलाई घटाउँछ । रोजगारीका कारण निर्माण गरिएका पूर्वाधार दिगो हुन्छन् । पारिस्थितिक प्रणाली र जैविक विविधतालाई ध्यान दिई उच्च दक्ष रणनीति मार्फत ऊर्जा, सामग्री र पानी खपत कम गर्ने गरी डिकार्बोनाइज अर्थ व्यवस्था र पूर्णरूपमा उत्पादन गर्नबाट बच्दै फोहोर र प्रदूषणलाई घटाउँछ । त्यसैले जसले प्रकृतिलाई संरक्षण गर्दछन् । यी सबै प्रक्रिया गर्दै गर्दा सिर्जना हुने रोजगारीका अवसरलाई यसै क्षेत्रमा राख्नु पर्दछ ।

यसरी सिर्जना भएका रोजगारीका अवसरलाई अभिलेखन गरी स्वदेशी तथा विदेशी सहयोगी विकास साझेदारहरूको सल्लाहमा थप अवसर सिर्जना गर्न सक्नु पर्दछ । यसरी सिर्जना भएका विविध रोजगारीका अवसरहरूलाई उपयोग गर्नका लागि केही उच्च प्रविधियुक्त सिप सिकाउनु पर्दछ । जस्तैः सौर्य ऊर्जालाई उपयोग गरेर रोजगारी दिनका लागि सौर्य ऊर्जा सम्बन्धी प्राविधिक ज्ञान र सिपको खाँचो पर्दछ । त्यो प्राविधिक ज्ञान र सिपको प्रवर्द्धनले नै उच्च सिपयुक्त जनशक्ति तयार हुन्छ । हरित रोजगारीको सिर्जना गर्ने दोस्रो तह भनेको वातावरण संरक्षण सम्बन्धी प्राविधिक जनशक्ति सिर्जना गर्नु हो ।



तस्वीरः इन्टरनेट

वन क्षेत्रको उच्च उपलब्धता भएको नेपाल जस्तो क्षेत्रमा हरित रोजगारी बढाउनका लागि स्रोत परिचालन खाका बनाउनुपर्छ । नेपालमा हरित रोजगारीलाई प्रवर्द्धन गर्नका लागि निम्न उपाय अपनाउन सकिन्छ :

सबैभन्दा पहिले त देशभित्रका हरित रोजगारीलाई राज्यले हेर्ने दृष्टि सकारात्मक हुनु पर्दछ । रोजगारीको क्षेत्रलाई यकिन गर्नुपर्छ । यसले रोजगारीको अवसर मात्र नदिएर विश्व संरक्षणको क्रियाकलाप पनि गरिरहेको हुन्छ । देशभित्र रहेका हरेक प्राकृतिक स्रोतहरू जस्तैः खोला, नदी, वन, सौर्य ऊर्जा, जलवायु अनुकूलनका विविध आयाम, विपत् व्यवस्थापनका विविध प्रक्रिया,

हरित रोजगारीको तेस्रो तह भनेको स्वरोजगारी वा आत्मनिर्भरतालाई प्राथमिकतामा राखेर सिप सिकाउनु हो । सिपयुक्त जनशक्तिको मूल्य संसारभर नै सिप नजानेको व्यक्तिभन्दा धेरै गुणा बढी हुन्छ । सिपयुक्त जनशक्तिले जागिर वा रोजगारीका लागि अन्य स्थानमा जानु पर्दैन । आफ्नो क्षेत्रमा आफैं नै व्यवसाय गर्न सक्षम हुन्छ । एकीकृत ढाँचामा हरित रोजगारी प्रवर्द्धन गर्न सकेको खण्डमा जलाधार तहमा विकास र पूर्वाधारलाई मूलप्रवाहीकरण गर्दै संस्थागत रोजगारी तथा स्वरोजगारी गर्न सकिन्छ । त्यसले अझै उच्च लाभ दिन सक्छ ।

हरित रोजगारीको पहिलो सम्भावित क्षेत्र नवीकरणीय ऊर्जाको क्षेत्र हो । ऊर्जाद्वारा उत्सर्जित कार्बन नै जलवायु परिवर्तनको मुख्य कारक हो । नेपाल त्यो क्षेत्र हो, जहाँ नवीकरणीय ऊर्जाको अपार भण्डार छ । जलविद्युत् आफैँमा पनि नवीकरणीय ऊर्जाको स्रोत हो । विश्व रोजगार बजारको एउटा प्रक्षेपण अनुसार नवीकरणीय ऊर्जाको क्षेत्रमा ४३ करोड व्यक्तिलाई रोजगारी दिने सम्भावना छ ।

त्यस्तै इसिमोडले गरेको एक अध्ययन अनुसार नेपालमा ३२ हजारभन्दा बढी व्यक्तिलाई रोजगारीको अवसर सौर्य ऊर्जालाई घर प्रणालीमा जडेको खण्डमा मात्र पनि हुन्छ । हरित रोजगारीकै बारेमा गरेको सोही अध्ययन अनुसार नेपालमा लघु जलविद्युत्बाट १० हजारभन्दा बढी व्यक्तिलाई रोजगारीका अवसर सिर्जना हुन सक्छ । बायोग्यास ऊर्जाबाट १० हजार व्यक्तिलाई रोजगारी प्राप्त हुन्छ भने उद्यमशीलता, जलवायु अनुकूलन तथा असर मूल्याङ्कनलाई हेरेर गरिएको उक्त अध्ययनले १७ लाखभन्दा धेरै व्यक्तिलाई हरित रोजगारीको अवसर सिर्जना हुन सक्छ ।

यसरी हेर्दा उच्च रूपमा रोजगारी सिर्जना हुने देखिए पनि बदलिँदो वातावरणीय परिवेशमा प्राकृतिक स्रोतले परिपूर्ण हाम्रो मुलुकले दैनिक दुई हजार व्यक्तिलाई रोजगारीका लागि विदेश पठाउनुको सट्टा नेपालमै हरित रोजगारी सिर्जना गर्नुपर्छ । यसले वातावरणमैत्री रोजगारी मात्र सिर्जना गर्दैन, स्वदेशमै उद्यमशीलताको विकास गर्छ । यसबारे अध्ययन गर्दा हरित रोजगारीको अवसर नेपालमा धेरै देखिन्छ, तर यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु जरुरी छ ।

नेपालको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आगामी दशकलाई आन्तरिक रोजगार दशक मनाउने तयारी गरिरहँदा हरित रोजगारी प्रवर्द्धनलाई पनि प्राथमिकतामा राख्दै विशेष पहल गर्नुपर्छ । रोजगारी सिर्जनामा सामुदायिक वनको खाली जग्गा उपयोग गर्न सकिन्छ । वनका लागि मात्र होइन, गाई फार्म, फूल खेती, माछापालन आदि क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिन्छ । प्रत्येक वर्ष करोडौं रुपैयाँको फूल विदेशबाट आयात हुन्छ । स्वदेशको यही माग मात्र धान्न सक्ने गरी हामीले फूल उत्पादन गर्ने हो भने रोजगारी सिर्जना मात्र हुने होइन, अर्थतन्त्रलाई पनि भरथेग हुन्छ । त्यसैले वातावरण सन्तुलन कायम राख्न, नेपाली युवालाई स्वदेशमै टिकाउन र रोजगारी सिर्जना गर्न हरित रोजगारीमा अब जोड दिनै पर्छ । *गोप*

# जो आमा हुन चाहन्छन्



'आहै ! कति प्यारो नानी' भित्ताभरि टाँसिएका बच्चाका तस्वीरले रीमा घलेको मन थामिँदैन । चिकित्सकको पालो कुर्दै बसेकी उहाँ जुरुक्क उठेर तस्बिर भएतिर पुग्नुहुन्छ । औँलाले आकृति सुम्सुमाउनुहुन्छ । यतिले मात्रै उहाँको मातृत्व भरिँदैन । मोबाइलले तस्वीर खिच्न थाल्नुहुन्छ । हुन त उहाँको रहर काखैमा बच्चा समाउने, हुर्काउने थियो तर तस्वीर हेरेरै चित्त बुझाउनुपर्ने नियति छ । बिजुलीबजारस्थित निःसन्तान केन्द्रमा बाँझोपनको उपचार गर्न आउनुभएकी उहाँ भन्नुहुन्छ- 'आमा बन्ने रहरले केसम्म गरिनँ । सन्तानको तिर्खाले मन भतभती पोल्छ, सताउँछ ।'

अर्घाखाँची घर भएकी ४२ वर्षीया रीमालाई आमा बन्नुको पछाडि शारीरिक आवश्यकतासँगै सामाजिक बोझ समेत छ । सन्तान जन्माउन ढिलाइ भएकै कारण उहाँले परिवार र समाजमै विभेद् खेप्नु परेको बताउनुहुन्छ । सन्तान जन्माउने सपना बोकेर उहाँका दम्पतीसहित निःसन्तान केन्द्रमा धाउनुपरेको छ । उपचारका लागि छ महिनादेखि पालो कुरेर केन्द्र आउन सक्नुभएको उहाँले बताउनुभयो । 'सकेसम्म प्रयास गर्छु, भइहाल्छ कि' -उहाँ भन्नुहुन्छ ।

सन्तानको सपना बोकेर आउनेहरुले उपचार केन्द्र भरिभराउ हुन्छ । आमा, बुबा बन्न सफल हुनुभएका पात्र देखेर कतिपय दम्पतीमा भरोसा जाग्छ । सर्लाहीकी भीमा साह सन्तानप्रति उहाँले सजाएका थुप्रै सपना छन् । कुनै दिन उहाँमा पनि आमा बनेर सन्तानसहित खिचेको तस्वीर सुत्ने कोठाको भित्तामा टाँस्ने रहर छ । त्यति मात्रै होइन, सबैभन्दा ठूलो रहर त उहाँले मातृत्व अनुभूति गर्नुछ । सुत्दा, उठ्दा, हिँड्दा, बोल्दा जहाँसुकै सन्तानकै पीडाले पिरोल्छ उहाँलाई । विवाह गरेको पाँच वर्ष नाघ्यो ।

भीमाका दम्पती निःसन्तान छन् । उपचारका लागि सामान्य खर्च गर्दै आए पनि के समस्या हो ? अझै पत्तो लागेको छैन । बिजुलीबजारस्थित निःसन्तान केन्द्रमा उपचार गर्न आएका यी दम्पतीले सन्तानको रहर पूरा हुने वा नहुने उपचारकै क्रममा थाहा पाउने गर्नुहुन्छ । उहाँले जस्तै सन्तानको तिर्खा लिएर चिकित्सक कहाँ भौंतारिने दम्पती थुप्रै हुनुहुन्छ ।

एक्लै हुँदा आफूलाई मात्रै यस्तो परेको जस्तो मानेकी ललितपुरकी जेनिशा श्रेष्ठ जब उपचार केन्द्रमा अन्य निःसन्तान दम्पती देख्नुहुन्छ, मन शान्त पार्नुहुन्छ । २९ वर्षीया उहाँ सन्तान नभएकै कारण मायाले समेटिएको परिवारमा पीडा थपिएको अनुभव सुनाउनुभयो । सन्तान जन्माउन नसकेपछि श्रीमानको अर्कै विवाह गरिदिने दबाब आएको उहाँले दुःखेसो पोख्नुभयो । उहाँ भन्नुहुन्छ- 'एकातिर बाँझो हुनुको पीडा छ, अर्कोतिर बेघर हुनुको डर ।'

सन्तानको तिर्खा एकातिर छँदैछ । सन्तान नहुँदा समाज र परिवारले दिने पीडा अर्को समस्या छ । खासगरी महिलाले निःसन्तान हुनुको बोझ बढी झेल्नुपर्छ । उहाँ निःसन्तान हुनुहुन्छ । विवाह गरेको थुप्रै वर्ष पुग्दा पनि उहाँ आमा बन्न सक्नुभएन । परिवारमा 'बाँझी आइमाई ! अलच्छिनी आइमाई' भन्दै दुर्व्यवहार गर्न थाल्नुभयो । छोरीको माया गर्ने थलो भनेको माइतीघर हो । उहाँ त्यही विश्वासका साथ सानीआमाको छोरीको विवाहमा पुग्नुभएको थियो । उहाँ उत्साहित हुँदै जन्ती ल्याउन अघि सर्न नपाउँदै, उहाँकी सानीआमाले सबैको अगाडि समाएर घिसार्दै तानिन् ।

'यस्तो विवाहको अवसरमा तँ बाँझी आइमाई अगाडि देखा परेर अपसगुन गरिस् । तँ अलच्छिनीले गर्दा अब बहिनीको पनि बच्चा हुँदैन' भनेर गाली गर्दै कुटपिट गर्नुभयो । घरमा सासू लगायतले दिने यातना त छँदै थियो माइतीमा पनि यस्तो अपमान र यातना पाएपछि उहाँ सहन सक्नु भएन । सिँधै त्रिशूलीतिर हामफाल्न कस्सिनुभयो । समाजले न मर्न दिन्छ, न बाँच्न नै उहाँ भन्नुहुन्छ- 'एक जना गाउँकै भाइले देखेर बचायो ।' सन्तान नहुनुमा दोष उहाँको मात्रै छैन । कुलत र धुम्रपानमा फसेका श्रीमानमा शुक्रकिट कमी हुनाका साथै उहाँको अण्ड विकास कमजोर छ । दम्पती दुबैको समस्याले सन्तान नजन्मिएको हुँदा समाजले महिलालाई नै दोषी ठहर गर्ने पितृसत्तात्मक सोचको सिकार उहाँ हुनुभएको छ ।

डा. उमा श्रीवास्तवका अनुसार सन्तान नहुनुको सामाजिक विभेदमा सबैभन्दा बढी महिला पर्नुहुन्छ । ६० वटा मुद्दामा एक जना मात्रै पुरुष पीडित हुनुहुन्छ । नभए सबै महिला सामाजिक र पारिवारिक चपेटामा परेको अवस्था छ । सन्तान नभएकै कारण 'बाँझी आइमाई' भन्दै सरापेर नन्दले तातोपानी खनाइदिएको घटना डा. श्रीवास्तवले पीडितबाट सुनेको बताउनुभयो ।

श्रीमान्बाट सन्तान नहुने सम्भावना देखिएमा पत्नी अझै पीडित हुन्छन् । कतिपय श्रीमान्ले आफू सन्तान उत्पादन गर्न नसक्ने अवस्था लुकाउन तीन जना पत्नी विवाह गर्न पछि नपरेको उदाहरण छन् । डा. श्रीवास्तवका अनुसार पत्नी पढेलेखा शिक्षित र सुन्दर थिए । श्रीमान्को कुनै राम्रै व्यवसाय छ । उहाँ काठमाडौं बाहिरबाट आउनुभएको थियो । एक सन्दर्भमा श्रीमतीले 'म भन्दा अघिकी श्रीमती बच्चा नहुँदै छोडेर गएपछि उहाँले मलाई विवाह गरेको' भन्नुभयो । श्रीमतीले खुलेर कुरा गर्नुभयो, तर श्रीमान् अलि अनकनाउँदै हुनुहुन्थ्यो ।

यसअघि धेरै वर्ष पहिले उहाँ दोस्रो पत्नी लिएर क्लिनिकमा निःसन्तान उपचार गर्न आउनुभएको थियो । त्यतिबेला नै चिकित्सकले तपाईंको शुक्रकीट उत्पादन हुँदैन, वीर्यदाताबाट सन्तान जन्माउन सकिन्छ भन्दै सल्लाह दिइएको थियो । त्यो सल्लाहले ती पुरुष रिसाएर अस्वीकार गरे । आफू सन्तान उत्पादन गर्न सक्षम भएको दाबी गर्दै उहाँले फेरि अर्को विवाह गर्नुभएछ । तेस्रो पत्नीका साथ पुनः क्लिनिकमा उपचार गर्न आएपछि डा. श्रीवास्तवले त्यही सल्लाह दिएको बताउनुभयो । उहाँ भन्नुहुन्छ- 'पितृसत्तात्मक सोचले पुरुषले यथार्थ स्वीकार गर्दैनन् जसको मर्कामा महिला परेका छन् ।'

नेपाली समाज बाँझोपन ठूलो समस्याका रुपमा देखापरेको छ । निःसन्तान केन्द्रकी चिकित्सक डा. उमाले केही वर्षयता निःसन्तानको समस्या बढ्दो रहेको बताउनुभयो । विश्वभरि नै प्रत्येक दिन छ जनामध्ये एक जनामा बाँझोपन भएको उहाँ सुनाउनुहुन्छ । ढिलो विवाह, खानपान, परिवार नियोजनका अस्थायी साधनको अत्याधिक प्रयोग लगायत थुप्रै कारणले बाँझोपन निम्तिएको डा. श्रीवास्तवको ठहर छ ।

आमा बन्ने मोह र सामाजिक दबाबमा परेर महिलाले सन्तानको इच्छा पूरा गर्न अनेक कष्ट र चुनौती पार गर्नुपर्ने हुन्छ । यसको पछिल्लो उदाहरण हो थापाथलीस्थित प्रसूति गृहबाट नवजात शिशु चोरी गरेर लगेकी एक महिलाको मर्मस्पर्शी घटना । पटक-पटक सन्तान गर्भपतन भएको पीडासँगै बच्चा नभएर घरै फर्किन नसक्ने स्थिति भोग्दै आएकी ती महिलाले बच्चा चोर्नु बाहेक कुनै उपाय नदेखेको बताउनु भएको थियो ।

टेस्ट्युब बेबीको अवधारणालाई नेपालमा प्रयोग गर्नुभएका वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. भोला रिजालका अनुसार बाँझोपनको पीडा सामान्य होइन । महिलाले यो समस्याबाट धेरै दुःख र यातना पाउनुभएको छ । वि.सं. २०४० यताको तथ्याङ्क हेर्ने हो भने बाँझोपनको दर उकालो लागेको डा. रिजालको ठम्याइ छ ।

झन्डै १० वर्षअघिको आँकडा हेर्दा १५ प्रतिशत निःसन्तान समस्या देखिएको थियो । यो तथ्याङ्क बढेर २२ प्रतिशत पुग्न लागेको उहाँ सुनाउनुहुन्छ । 'वैदेशिक रोजगारमा जाने श्रीमान् र ढिलो विवाह गर्ने महिलाको संख्या बाँझोपनको मूल समस्या बन्दै गएको छ' -उहाँ थप्नुहुन्छ- 'साथै अनधिकृत औषधि सेवनले पाठेघर कमजोर बनाउँदैछ ।' डा. रिजालका अनुसार वैदेशिक रोजगारमा जाने पुरुषले आधा प्रजनन क्षमता हुने समय उतै खर्चिन्छ । चिता र जिम्मेवारीको बोझ थपिँदा प्रजनन शक्ति झनै क्षीण हुन्छ । यता महिलाको उपयुक्त प्रजनन उमेर २५ देखि ३५ वर्षभित्र प्रचुर मानिन्छ । ढिलो विवाह, श्रीमान् विदेशी लगायत समस्याले बाँझोपन निम्तिने कारण रहेको उहाँ बताउनुहुन्छ ।

निःसन्तान महिलाले आमा बन्ने सामाजिक दायित्वको बोझ उठाउनुपर्ने हुँदा उनीहरुको मनोवैज्ञानिक उपचार आवश्यक छ । डा. रिजाल थप्नुहुन्छ- 'सन्तान नजन्माएकै कारण महिलाले तिरस्कार सहनुपर्छ । यो उनीहरुमाथि समाजले गरेको दुर्व्यवहार हो ।' सामाजिक सोच, व्यवहार र प्रजनन स्वास्थ्यप्रति गम्भीर नबन्ने हो भने भोलि यसले समाजमा ठूलै समस्या ल्याउन सक्नेतर्फ समयमै ध्यान जान आवश्यक छ ।

# नेपथ्यको नयाँ वर्ष स्वागत बिर्तामोडबाट



**झापा, चैत २७।** विक्रम सम्वत २०८१ को पहिलो सूर्योदयभन्दा अघिल्लो साँझ नेपथ्य पूर्वी नेपालको बिर्तामोडमा प्रस्तुत हुने भएको छ ।

झापा जिल्लाका महत्वपूर्ण केन्द्रहरुलाई जोड्ने यस उदीयमान शहरमा आगामी चैत ३० गते शुक्रबार बेलुकी ब्याण्डका लोकरक भाकाहरु गुञ्जने छन् । धेरैअघि यस भेगको पुरानो वाणिज्य केन्द्र थियो बिर्ताबजार । कालान्तरमा महेन्द्र राजमार्ग बनेपछि सडक भएतिरै चहलपहल बढ्न थाल्यो । राजमार्गको जुन बिन्दुबाट बिर्ताबजार मोडिन्थ्यो त्यसलाई 'बिर्तामोड' भन्न थालियो । समयसँगै अब 'बजार'ले स्वयम्लाई 'मोड' भित्रै बिलिन तुल्याइसकेको छ । बढ्दो ब्यस्तता र सहरीकरणसँगै यातायात आवागमनको पनि तीब्र वृद्धिभएको बिर्तामोडमा यसअघि नेपथ्यले 'ट्राफिक व्यवस्थापन'मा योगदान दिन कन्सर्ट गरेको थियो ।

यस भेगमा सवारी दुर्घटनाको मात्रा अत्यधिक वृद्धि भएको बेला सुरक्षित आवागमनको नाराका साथ पाँच वर्षअघि नेपथ्य प्रस्तुत भएको थियो । त्यसभन्दा पहिले भने द्वन्द्वकालमा शान्तिको आव्हान गर्दै 'सुन्दर शान्त नेपाल' अभियान अन्तर्गत नेपथ्यले यसै भूमिमा गीतहरु सुनाएको थियो । अहिलेको यो नवीन नगरपालिका त्यतिबेला भने 'अनारमनी गाविस' भनेर चिनिन्थ्यो । यसरी बिर्तामोडको विकासक्रमसँग जोडिँदै आएको नेपथ्यले अब भने यस शहरकै प्रमुख खेलकुद आयोजना 'झापा गोल्डकप'लाई योगदान दिने उद्देश्यका साथ आफूलाई प्रस्तुत गर्न लागेको छ ।

'यो सिंगो भेगका दर्शक हाम्रा लागि बहुमूल्य निधिका रुपमा रहँदै आएका छन्' -नेपथ्यका गायक एवम् अगुवा अमृत गुरुङ भन्छन्- 'कोभिड महामारीको लामो अन्तराललाई नाघेर ब्याण्ड फेरि जुर्मुराएको विन्दु छेवैको दमक बन्न पुगेको थियो भने केही दिनअघि मात्र पनि हामी अर्को छेउमा रहेको इलाम करफोकमा प्रस्तुत भएका थियौं ।'

नेपथ्य मनपराउने दर्शक घेरामा उभिनका लागि आफू सदैव उत्साहित रहने गरेकामा अबको केही दिनमै बिर्तामोडका संगीत प्रेमीहरु माझ पुग्न ब्यग्र भइरहेको पनि गुरुङले भने । स्थानीय डोमालाल राजवंशी रंगशालामा आयोजना हुने कन्सर्टका लागि टिकटको मूल्य एक हजार रुपैयाँ राखिएको छ । नेपथ्य यसभन्दा अघिल्लो कन्सर्टका बेला पनि यसै मैदानमा उभिएको थियो ।

'नेपथ्यको प्रस्तुतीलाई स्वदेशका साना शहरबजारदेखि लिएर ठूला शहरसम्म एकरुपता प्रदान गर्न हामी सदैव प्रयासरत रहँदै आएका छौं' -व्यवस्थापक नेपालयका अर्पण शर्मा भन्छन्- 'कलाकार बाहेक प्रविधि र प्राविधिकहरु समेत गरेर ठूलो टिमका साथ उपस्थित हुँदा यो एकरुपतालाई बिर्तामोडका दर्शकहरुले पनि महशुस गर्न सक्ने छन् ।' बिर्तामोड कन्सर्टको आयोजना स्थानीय श्रृद्धि इभेन्टले गर्न लागेको हो । आयोजक सुमन धिमालका अनुसार सदाझैं त्यहाँको कन्सर्ट पनि निर्धारित समय अर्थात् शुक्रबार बेलुकी ठीक साढे छ बजे शुरु हुनेछ । आयोजना स्थलका ढोकाहरु भने त्यसभन्दा दुई घण्टा अगावै अर्थात् ठीक साढे चार बजे खोलिने छन् ।

टिकटका लागि बिर्तामोड लगायत पूर्वका शहरहरुमा काउन्टरका व्यवस्था गरिएका छन् भने इन्टरनेटबाटै बुकिङ सुरक्षित गर्नका लागि अनलाइन टिकटको पनि व्यवस्था गरिएको छ । त्यसका लागि इच्छुक व्यक्तिले सोझै नेपथ्य डट कम (nepathya.com.np) मा गएर टिकट खरिद गर्न सक्नेछन् । यो कन्सर्टलाई लिएर त्यस भेगका बासिन्दाहरु बीच सामाजिक सञ्जालमा चर्चा परिचर्चा ब्यापक हुँदै गएको देखिन्छ भने केही फेसबुक पेजहरुले नेपथ्य ब्याण्डसँग जोडिएका विभिन्न प्रश्नहरु राख्दै विजेतालाई पुरस्कारका रुपमा टिकटको घोषणासमेत गर्दै आएको छ । कन्सर्टमा मुख्य गायक अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाउने छन् ।

# होम अप्लाएन्सको नयाँ वर्ष अफर

**बिर्तामोड, चैत २७।** होम अप्लाएन्स ब्रान्ड क्रम्पटनले यसपालीको नयाँ वर्ष २०८१ लक्षित गर्दै क्रम्पटनको 'नयाँ वर्ष जात्रा, उपहारसँग थाइलान्डको यात्रा' नामक योजना सार्वजनिक गरेको छ ।

यस योजना अन्तर्गत ग्राहकहरुले क्रम्पटनका विभिन्न होम एप्लाएन्सको खरिदमा लक्की-ड्र मार्फत विशेष उपहारहरु प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ । यो योजना चैत २३ गतेदेखि सिमित अवधिका लागि नेपालभर रहेको क्रम्पटनका अधिकृत विक्रेताबाट उठाउन सक्ने छन् ।

यस योजनाको अवधिभरी लक्की ड्र मार्फत हरेक साता एक ग्राहकलाई क्रम्पटनको सिलिङ्ग फ्यान उपहार, हरेक महिना एक




भाग्यशाली ग्राहकलाई माइडियाको साइड बाई साइड रेफ्रीजेरेटर साथै बम्पर उपहार स्वरुप एक जोडी थाइल्याण्ड जाने मौका दिइएको बताइएको छ । लक्की ड्रमा सहभागिता जनाउन लागि Crompton (space) Customer Name (space) Address (space) Warranty Card No. टाइप गरी 31003 मा SMS पठाउनु पर्ने बताइएको छ ।

नेपालको लागि क्रम्पटन ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुप अन्तर्गतको सिजी इम्पेक्स रहेको छ । सिजी इम्पेक्सले सम्पूर्ण नेपाली ग्राहकहरुलाई सिजी डिजिटल शोरुम तथा नेपालभर फैलिएको डिलर नेटवर्क मार्फत उत्कृष्ट सेवा र अनुभव प्रदान गरिरहेको सीजीको दावी छ ।

क्रम्पटन ब्रान्डको नेपालमा एयर कुलर, सिलिङ्ग फ्यान, स्ट्यान्ड फ्यान, वाल फ्यान, एक्सहस्ट फ्यान, वाटर हिटर, इलेक्ट्रिक गिजर, रूम हिटर, मिक्स्चर ग्राइन्डर, इन्डक्सन कुकर र आइरन बजार मा सर्वत्र पाइने बताइएको छ ।


## तु-बिक्रीमा

महेन्द्र राजमार्ग यातायात कर्मचारी कल्याण कोषद्वारा सञ्चालनमा रहेको मेची युनाइटेड यातायात प्रालिको मे १ ख २१११ नं. बस तु-विक्रीमा छ ।
मोडल : २०१५

सम्पर्क : ९८४२६५५६६७, ९८५२६६३६५८, ०२३-५६६०१३



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३


# लागूऔषधसहित एक जना पक्राउ

**भद्रपुर, चैत २७।** भद्रपुरस्थित मेची पुलबाट लागूऔषधसहित एक जना पक्राउ परेका छन् ।

भद्रपुर नगरपालिका-५ स्थित प्रहरी बिट मेची पुलमा खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल हिंडेर आउँदै गरेको अवस्थामा दमक-५ का ३५ वर्षीय दिलीप महतलाई लागूऔषधसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

फरक क्षमता भएको महतले बायाँ खुट्टाको तिघ्रामा कालो प्लाष्टिकभित्र लुकाइछिपाई टेपले बाँधी ल्याएको २४ पिस लुपिगेसिक, २४ पिस डायजेपाम र २४ पिस फेनेर्गन फेला परेको थियो ।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८



उच्च गुणस्तर सुलभ मूल्य

## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा



## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |



## बिर्तामोड नगर अस्पताल

उपलब्ध सेवाहरू



बाल रोग विशेषज्ञ सेवा
शनिबार बाहेक हरेक दिन
बिहान १० बजेदेखि १२ बजेसम्म

नि:शुल्क नर्मल डेलिभरी सेवा
(प्रसूति सेवा)
हरेक दिन, २४ सै घण्टा

मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ
दैनिक १२ बजेदेखि २ बजेसम्म

स्त्री तथा प्रसूति रोग विशेष
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स-रे
- एक्स-रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेबिजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- नि:शुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको नि:शुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ ।

बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा सेवा सञ्चालनमा छ ।





## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| तिलकबहादुर खत्री | गौरादह-६ | २५० | २०६१० | बुधराई मुर्मु/कुदरे मुर्मु बौका राजशरिया |
| गोविन्द खड्का | दुवागडी-९ | २२४१ | ०-१-० | रंगलाल श्रेष्ठ |
| अनिल विश्वकर्मा | दुवागडी-१ | १५४६ | ०-१-० | बुधराई सतार |
| मेदन राजवंशी | चन्द्रगढी-७ | १५६ | ०-३-१० | अगन राजवंशी |
| सम्झना खत्री समेत | दुवागडी-९ | २२४२ | १-१२.१८.७५ | रंगलाल श्रेष्ठ |
| हेमकला कट्टेल समेत | दुवागडी-९ | २१९५ | १-०-१५ | नेवहरि/नकछेदि चौधरी |
| हेमकला कट्टेल समेत | दुवागडी-९ | ११५६ | ०-२-१२.५ | नकछेदि चौधरी |
| सम्झना खत्री | दुवागडी-९ | १६९४ | ०-०-१३.२५ | नकछेदि चौधरी |
| | | १७०० | ०-३-१८.७५ | नकछेदि चौधरी |

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **बैशाख ८ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२**

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

जितबिर लिङदेनको नाती, श्रीहाङ लिङदेनको छोरा १ नं. प्रदेश पाँचथर जिल्ला फालेलुङ गाउँपालिका वडा नं. ०१ बस्ने धन बहादुर लिम्बले यस इलाम शाखामा खाता नं. २१११५२४०३००३५७ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०-०५-०३ मा निज खातावाला धन बहादुर लिम्बुको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने सुकमाया लिङदेनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक धन बहादुर लिम्बुको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा, इलाम
फोन नम्बर: ०२७-५२१७२४
फ्याक्स :- ०२७-५२१७३१


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनहाङ लिम्बुको नातिनी, दलहाङ लिम्बुकोको छोरी १ नं. प्रदेश इलाम जिल्ला फाकफोकथुम गाउँपालिका वडा नं. ०४ बस्ने फुलमाया लिम्बु भनिने फुलमाया लिम्बुनीले यस इलाम शाखामा खाता नं. २१११५२४०३००५०४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७७-०२-१४ मा निज खातावाला फुलमाया लिम्बुको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउँ भनी निज मृतकको छोरा नाता पर्ने कर्ष्ण बहादुर सुब्बाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक फुलमा[redacted]को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै का[redacted]वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३[redacted] दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा [redacted]म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी[redacted] का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बा[redacted]बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

[redacted]

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा, इलाम
फोन नम्बर: ०२७-५२१७२४
फ्याक्स :- ०२७-५२१७३१



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्यमा केही समस्या आउनाले शरीरमा आलश्यता हुनेछ, पशुचौपायासँग सम्बन्धित कार्यले लाभ नमिल्नाले मन चिन्तित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ,[redacted] पराक्रममा वृद्धि हुनेछ, आज तपाईको समय उत्तम[redacted] रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको[redacted] थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ,[redacted] सम्बन्ध सुमधुर रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा[redacted] फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादवि[redacted] नगर्नुहोला ।

**मकर[redacted]ा, जि, खि, खु, खे, खो, गा, गि) -** पराक्र[redacted] जानेछ, बिग्रन लागेको काम बनिनाले हौसल[redacted], छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला[redacted]

**कुम्भ[redacted] गो, सा, सि, सु, से, सो, द) -** समय[redacted]लदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ[redacted]मा विचार पुर्‍याउनुहोला, धार्मिक गतिवि[redacted] जानेछ ।

**मीन [redacted]थ, झ, ञ, दे, दो, च, चि) -** लामो [redacted]यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसि[redacted]ोग परेको छ, टाढिएका मित्रजनसँग भेटघा[redacted]समय रहेको छ ।